आज मिति २०७७/०३/०९ गते बृधबार दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ६८औं बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माफी | कार्यपालिका सदस्य | |
| २८ | श्री विष्णु प्रसाद भुसाल | सदस्य सचिव | |

## अन्य आमन्त्रित

1. डिपलाल श्रेष्ठ अधिकृत आठौं तह, प्रशासन तथा योजना शाखा
2. श्रीकृष्ण पौडेल लेखा अधिकृत आर्थिक प्रशासन शाखा
3. शिव सापकोटा अधिकृत छैटौं आर्थिक विकास शाखा
4. अविनाश पन्थी " योजना उपशाखा
5. सन्तोष कार्की इन्जिनियर पूर्वाधार विकास शाखा
6. भेषराज पौडेल ना.सु. योजना उपशाखा
7. कृष्ण हरि सापकोटा सू.प्र. अधिकृत, सूचना प्रविधि शाखा
8. विमला लम्साल अधिकृत छैटौं सामाजिक विकास शाखा
9. टिकाराम बस्याल इन्जिनियर पूर्वाधार विकास शाखा
10. अनिता सवाली रोजगार संयोजक

६४ औं बैठकका निर्णयहरु :

१. राजस्व परामर्श समितिले आ. व. २०७७/०७८ का लागि पेश गरेका प्रस्तावित दररेटहरु आवश्यक नयाँ थप शिर्षक सहित नगर सभामा पेश गर्ने ।

२. बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आ. व. २०७७/०७८ को संलग्न बजेट नीति तथा कार्यक्रम नगर सभामा पेश गर्ने ।

३. देवचुली नगरपालिकाको आय सम्वन्धी विधेयक "देवचुली नगरपालिकाको आर्थिक विधेयक - २०७७" स्वीकृतिका लागि नगर सभामा पेश गर्ने ।

४. देवचुली नगरपालिकाको खर्च सम्वन्धी विधेयक "देवचुली नगरपालिकाको विनियोजन विधेयक - २०७७" स्वीकृतिका लागि नगर समक्ष पेश गर्ने ।

५. आ. व. २०७६/०७७ मा देवचुली नगरपालिका र पदाधिकारीले गरेका सम्पूर्ण निर्णयहरुलाई अनुमोदनका लागि नगर सभामा पेश गर्ने ।

६. करको दायरा वृद्धि र कर असुली गर्नको लागि देवचुली उद्योग बाणिज्य संघसँग सहकार्य गर्ने ।

७. आगामी आ. व. २०७७/०७८ मा देवचुली नगरपालिकामा कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृति माग गरेकागैर सरकारी संघ/संस्थाहरुलाई सहमति प्रदान गर्नका लागि नगर सभामा पेश गर्ने ।

८. यस देवचुली नगरपालिकाले संचित कोष लगायत विभिन्न कोष खाता तथा खर्च खाताहरु हाल सम्म राष्ट्रिय बाणिज्य बैंक कावासोती मार्फत सञ्चालन गर्दै आएकोमा हाल यसै नगरपालिकाको वडा नं. १६ मा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय स्थापना भई सेवा प्रवाह गरिरेहको हुँदा आ. व. ०७७/०७८ देखि यस नगरपालिकाले उल्लेखित खाताहरु राष्ट्रिय बाणिज्य बैंक टाँगिकोट शाखा देवचुली न. पा. वडा नं. १६ मार्फत सञ्चालन गर्ने ।

९. राजस्व परामर्श समिति मार्फत विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारणले व्यापर व्यवसायमा परेको नकारात्मक प्रभावलाई ख्याल गरि यस देवचुली नगरपालिका भित्र घर भाडामा लिई व्यापार व्यवसाय गर्ने व्यवसायी एवं भाडामा बस्ने जनतालाई राहत स्वरुप लकडाउन अवधि मध्ये कम्तीमा १ महिनाको घरभाडा छुट गर्न घरधनीलाई अनुरोध गर्न ल्याएको प्रस्ताव नगर सभामा पेश गर्ने । साथै आगामी आ.व. २०७७/०७८ को करमा पौष मसान्त भित्र तिर्ने सेवाग्राहीलाई आ.व. ०७७/०७८ मा लाग्ने कर रकमको २० प्रतिशत छुट दिने प्रस्ताव नगरसभामा पेश गर्ने ।

१०. देवचुली नगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार देवचुली - १०, पृथ्वीनगर खेल मैदानको पश्चिम तर्फ फोहरमैला व्यवस्थापन तथा स्रोत केन्द्र निर्माण गर्ने भनि टेण्डर प्रकाशन भई मिति २०७७/०२/३२ गते देवचुली नगरपालिका र अविशा निर्माण सेवा एण्ड सप्लाएर्स प्रा. लि. बिच

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

सम्झौता भएको र निर्माण शुरु गर्ने बेलामा वन क्षेत्र तथा औद्योगिक ग्राम घोषणा भएको जस्ता कारणले समस्या उत्पन्न भई निर्माण कार्य स्थल प्राप्त हुन नसकेकोले उक्त निर्माण सम्झौता बमोजिमको निर्माण कार्य आवश्यक संरचनात्मक सुधार सहित देवचुली नगरपालिका वडा नं. १२, मुक्तिक्षेत्र पश्चिम तर्फ बौलाहा खोलाको नदी उकास क्षेत्रमा निर्माण गर्ने निर्णय गरियो ।

११. यस देवचुली नगरपालिकाको राजनीतिक एवम् प्रशासनिक संरचना खर्चिलो र बोझिलो भएकोले नागरिकको करको मितव्ययी एवम् उत्पादनशिल उपयोग गर्न आवश्यक भएको भनि सर्वदलीय एवम् सर्वपक्षीय सुझाव समेत प्राप्त भएकोले विद्यमान १७ वटा वडा संख्या जनसंख्या, भूगोल, भाषिक सांस्कृतिक सुगमता लगायतको आधारमा असमान रहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६ बमोजिम वडाको संख्या र सिमामा हेरफेर सम्बन्धी अध्ययन गरी सुझाव पेश गर्न देहायका पदाधिकारी रहेको **"देवचुली नगरपालिकाको वडाको संख्या र सिमाना हेरफेर अध्ययन तथा सुझाव कार्यदल"** गठन गर्ने निर्णय गरियो ।

देहाय :

संयोजक : श्री पूर्ण कुमार श्रेष्ठ - नगर प्रमुख

सदस्य :श्री क्या. डिल बहादुर खत्री -आर्थिक विकास समिति संयोजक

सदस्य :श्री गोपाल प्रसाद शर्मा लम्साल - संस्थागत विकास सेवा प्रवाह र सुशासन समिति संयोजक

सदस्य : श्री भुपराज पाठक - पूर्वाधार विकास समिति संयोजक

सदस्य : श्री हेमराज दवाडी - वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक

सदस्य : श्री दिनानाथ भुसाल - विधायन समिति संयोजक

सदस्य : श्री विष्णु प्रसाद आचार्य - सामाजिक विकास समिति संयोजक

सदस्य सचिव : श्री विष्णु प्रसाद भुसाल - प्रमुख प्रशासकीय अधिकृत

कार्यदलमा राजनीतिक दलका एक/एक जना प्रमुख वा प्रतिनिधी सदस्य रहनेछन् र विज्ञहरुलाई समेत बैठकमा निमन्त्रणा गर्न सकिनेछ । कार्यदलको सुझाव आगामी नगरसभामा पेश गर्नुपर्नेछ । बैठकको कार्यविधी कार्यदल आफै निर्धारण गर्नेछ ।

१२. कुनै आकस्मिक कार्य पर्न आएमा कार्यपालिकाको निर्णयबाट कार्यान्वयन गर्ने र उक्त निर्णयहरु अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने ।